**मिति २०८२/०२/०५ गते सोमबार, १७३ औं कार्यपालिका बैठक**

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा।
२. आय व्ययको विवरण सम्बन्धमा।
३. अनुगमन प्रतिवेदन सम्बन्धमा।
४. तेस्रो त्रैमासिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाईको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
५. आगामी आ.व. २०८२/८३को बजेट निर्माण सम्बन्धमा।
६. म्याद थप सम्बन्धमा।
    १. वडा नं. मंलेरीदेखि कृष्ण शाहको घरहुँदै पदम महतराको घरहुँदै पिताम्बर केसीको घरसम्मको सडक स्तरउन्नती।
    २. वडा नं. १२डाँडागाँउ पतेनीहुँदै वडा कार्यालय जाने बाटो स्तरउनन्ती।
    ३. १३ नं. वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण।
    ४. वडा नं. १७ गैरागाउँदेखि कर्जाहीहुँदै धारापानी सडक पिच
७. नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ निर्माण सम्बन्धमा।
८. विद्यालयको नाममा जग्गा दर्ता स्रेस्ता कायम गर्न सिफारिस गर्ने सम्बन्धमा।
९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारी सम्बन्धमा।
१०. घोराही उपमहानगरपालिकाको मानव संशाधन विकास योजना २०८२ र मध्यमकालीन खर्च संरचना २०८२/८३ स्वीकृत गर्ने सम्बन्धमा।
११. विविध।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको योजना अनुगमन जाँच पास तथा फरफारक समितिका संयोजक तथा उपप्रमुखज्यूको संयोजकत्वमा वैशाष महिनामा १७ वटा आयोजनाहरुको अनुगमन गरिएको प्रतिवेदन कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८१/८२को वैशाष महिनासम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**तपसिल**

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालु तर्फको खर्च प्रतिशत | पुंजीगत तर्फको खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,३६,४०,३६,०००।- | १,४६,७२,९१,९०२.३१ | ६५.५९% | ३५.४६% | |

**निर्णय नं. ४**

**४.१** घोराही उपमहानगरपालिकाको तेस्रो त्रैमासिक प्रगति समिक्षाको प्रतिवेदनमाथि छलफल गरी देखिएका कमिकमजोरीहरुलाई सुधार गर्न सबै महाशाखा शाखा र वडा कार्यालयहरुलाई निर्देशन सहित पेश भएको प्रतिवेदन अनुमोदन गर्ने।

**४.२** घोराही उपमहानगरपालिकाको आ.व. २०८१/८२को तेस्रो त्रैमासिकसम्म सञ्चालन गरेका योजना तथा सम्पादन गरेका समग्र कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सहजीकरणका लागि छनौट भएको समाजका लागि सञ्चार पैरवी नेपाल दाङबाट प्राप्त भएको प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाबाट आगामी आ.व. २०८२/८३को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा नागरिकसँगै विकास भन्ने अवधारणालाई आत्मसात गर्दै घोराही नगरवासी नागरिकहरुबाट ग्रामिण क्षेत्रमा २०% र शहरी क्षेत्रमा ३५%देखि ५०%सम्म लागत साझेदारीमा आयोजना कार्यान्वयन गर्न इच्छुक टोल विकास संस्थाबाट आयोजना माग गर्ने र टोल विकास संस्थाबाट अधिकतम लागत साझेदारी सुनिश्चिता रहने निर्णय सहित प्राप्त भएका आयोजनाहरुलाई प्राथमिकताकासाथ आगामी आ.व.२०८२/८३को बजेट तथा कार्यक्रममा समावेश गर्ने।साथै नगर वडा समपुरक योजनाहरुको हकमा न्यूनतम १० लाखदेखि अधिकतम ३० लाखसम्मको दायित्व नगरबाट व्यहोरीने हुँदा सोही अनुसार समपुरक योजना छनौट गर्न वडा कार्यालयहरुलाई जानकारी गराउने।यसरी वडाबाट समपुरक योजना छनौट गर्दा सडक पूर्वाधारतर्फ पक्की संरचना वा रोलिङ सहितको ग्राभेल, पक्की सिंचाई कुलो, बाँध, कल्भर्ट जस्ता संरचनाहरुमा मात्र समपुरक योजनाको रुपमा कार्यान्वयन गर्ने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट म्याद थपका लागि पेश भएका तपसिल बमोजिमका ठेक्काको यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद (तेह्रौ संशोधन) नियमावली २०८०को नियम १२०, १२० क को आदेशअनुसार म्याद थप गर्ने।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/40/079/080 | वडा नं. १३ मंलेरी कृष्ण शाहको घरदेखि पदम महतराको घरहुँदै पिताम्बर के.सी.को घरसम्मको सडक स्तरउनन्ती | B.N.Group of Engineering Service and Construction | २०८०।०७।२४ | २०८१।०३।३१ | २०८२।०२।३० |
| २ | NCB/WORKS/GSMC/11/080/081 | १३ नं. वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण | Ambition Multipurpose Company Pvt.Ltd | २०८१।०१।१८ | २०८१।०३।३१ | २०८२।०२।३० |
| ३ | NCB/WORKS/GSMC/37/079/080 | वडा नं. १२ डाँडागाउँ पतेनी हुँदै वडा कार्यालय जाने बाटो स्तरउन्नती | श्री आर.डी. बिल्डर्स | २०८०।०७।१५ | २०८१।०३।३१ | २०८२।०२।३० |
| ४ | NCB/WORKS/GSMC/05/080/081 | वडा नं. १७ गैरागाउँदेखि कर्जाहीहुँदै धारापानी सडक पिच | Abhisek and Abhas Multipurpose Pvt.Ltd. | २०८०।१०।१६ | २०८१।०३।३१ | २०८२।०२।३० |

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ बैठकमा पेश गरियो। पेश भएको कार्यविधि अध्ययन गरी आगामी कार्यपालिका बैठकबाट पारितका लागि पेश गर्ने।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका वडा नं. ११ मा अवस्थित श्री बालकल्याण माध्यामिक विद्यालय खैरा दाङले उपभोग गर्दै आएको सरकारी जग्गा साविक नारायणपुर गाविस वडा नं. ९(क) कित्ता नं. १ क्षेत्रफल ३-१३-१७(तिन विगाहा तेह्र कट्ठा १७ धुर) जग्गाबाट कित्ताकाट भई आएको कित्ता नं. ७९२बाट विद्यालयले उपभोग गरिरहेको क्षेत्रफल ११,६८० वर्गमिटर क्षेत्रफलको जग्गा नियमानुसार विद्यालयको नाममा दर्ता स्रेष्ता कायम गर्न आवश्यक प्रक्रियाका लागि भूमि सुधार तथा मालपोत कार्यालय घोराही दाङमा सिफारिस गर्ने।

**निर्णय नं. ९**

यस कार्यालयको रोजगार सेवा केन्द्रमा कार्यरत जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा श्रम रोजगार तथा समाजिक विकास मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालनमा रहेको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको समयावधी २०८२ असार मसान्तमा समाप्त हुने भएको कारण कार्यक्रम संचालन खर्च र रोजगार संयोजकको तलब/भत्ता कार्यक्रमबाटै व्यवस्थापन हुने र अन्य प्राविधिक सहायक र रोजगार सहायकको व्यवस्थापन स्थानीय तहबाट नियमानुसार व्यवस्थापन गर्नुहुन भनि नेपाल सरकार (माननीय मन्त्रीस्तर)को मिति २०८१।०१।३१ को निर्णय र रोजगार सेवा केन्द्रमा थप जनशक्ति व्यवस्थापन गर्नुपर्ने आधार तथा कारण सहित मन्त्रालयको च.नं. ४१९ मिति २०८२।०२।०१ गतेको पत्रबाट अनुरोध भई आएकोले आमागी आ.व.२०८२/८३देखि कार्यरत दुई जना कर्मचारीहरुको तलब/भत्ताको दायित्व घोराही उपमहानगरपालिकाले लिई जनशक्ति व्यवस्थापन गर्ने।

**निर्णय नं. १०**

**१०.१** अरुण भ्याली कन्सलटेन्सी प्रा.लि. तुलसीपुर दाङको सहजीकरणमा निर्णाण भई सामान्य प्रशासन महाशाखाबाट पेश भएको घोराही उपमहानगरपालिकाको मानव संशाधन विकास योजना २०८२ स्वीकृत गर्ने।

**१०.२** आशुतोष रिसर्च एण्ड कन्सल्टिङ सेन्टर प्रा. लि. काठमाडौंको सहजीकरणमा निर्माण भई पूर्वाधार विकास महाशाखाबाट पेश भएको घोराही उपमहानगरपालिकाको २०८२/८३को मध्यमकालीन खर्च संरचना स्वीकृत गर्ने।

**निर्णय नं. ११**

**११.१** श्री योगी आदित्यनाथ फाउण्डेशन गाई संरक्षण केन्द्र दाङले तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ बेलझुण्डीमा करिब ३५० गाई संरक्षण गर्दै आइरहेको हुँदा भुस पराल खरिदका लागि आर्थिक सहयोग गरिदिनुहुन गाई संरक्षण केन्द्रको च.नं. ३२, मिति २०८२।०२।०१ गतेको पत्रबाट अनुरोध भई आएकोले श्री योगी आदित्यनाथ फाउण्डेसनलाई भुस परालका लागि रकम रु.४०,०००।- घोराही उपमहानगरपालिकाको सरसफाई व्यवस्थापन शाखा अन्तर्गत रहेको सार्वजनिक गौशाला चाक्लीघाट गाई वस्तुका लागि भुस पराल खरिद शीर्षकबाट खर्च हुनेगरी उपलब्ध गराउने।

**११.२** घोराही उपमहानगरपालिकाका विभिन्न वडा कार्यालयबाट वडा निवासी तपसिल बमोजिमका नागरिकहरुको मृत्यू भएको र उहाँहरुको परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले मृतकको परिवारलाई आर्थिक सहयोग उपलब्ध गराइदिनुहुन भनि सिफारिससाथ अनुरोध भई आएकोले मृतकको परिवारलाई किरिया खर्च सहयोग स्वरुप प्रति परिवार रकम रु.१०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**मृतकको नाम ठेगानाः**

१. गिता चौधरी, घोराही उपमहानगरपालिका वडा नं. ९
२. नारायण बुढा, घोराही उपमहानगरपालिका वडा नं. १२
३. याम बहादुर बुढा, घोराही उपमहानगरपालिका वडा नं. १२
४. लालिका थापा, घोराही उपमहानगरपालिका वडा नं. १६

**११.३** भूमि अधिकार तथा श्रमिक संगठन नेपाल केन्द्रीय कमिटी काठमाण्डौबाट कैलालीको टिकापुरमा हुन गइरहेको महाधिवेशनका लागि आर्थिक सहयोग माग भई आएकोले महाधिवेशनमा भएको खर्चको विल अनुसार सहयोग स्वरुप अधिकतम रकम रु.२०,०००।—सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**११.४** नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) दाङ जिल्ला कार्यालय घोराहीबाट अन्तराष्ट्रिय श्रमिक दिवसको अवसरमा वृहत कार्यक्रम गर्न गइरहेकोले उक्त कार्यक्रमका लागि आर्थिक सहयोग माग भई आएकोले कार्यक्रममा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१०,०००।—सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**११.५** अखित नेपाल किसान महासंघ जिल्ला कमिटी दाङबाट संगठनको जिल्ला अधिवेशनका लागि आर्थिक सहयोग माग भई आएकोले महासंघलाई अधिवेशनमा भएको खर्चको विल अनुसार सहयोग स्वरुप अधिकतम रकम रु.१०,०००।-सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**११.६** प्रेस सेन्टर नेपाल दाङ शाखाबाट संगठनको पाँचौ राष्ट्रिय महाधिवेशनका लागि आर्थिक सहयोग माग भई आएकोले महाधिवेशनमा भएको खर्चको विल अनुसार अधिकतम रु.१५,०००।-सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**११.७** लुगुम्याल खाम समाज नेपालले मगरहरुको मौलिक तथा साँस्कृतिक पर्व भुमे नाचका लागि जेष्ठ मसान्तमा वडा नं. १९ धिमधिमे लेखमा फुल टिप्न जाने परम्परा रहेकोले उक्त फुल टिप्ने कार्यक्रमका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १८ नं. वडा कार्यालयको च.नं. ४२५५, मिति २०८२।०२।०५ गतेको पत्रबाट सिफारिस प्राप्त भएकोले लुगुम्याल खाम समाज नेपाललाई उक्त कार्यक्रममा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१०,०००।—सम्म घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**११.८** नेपाल मगर संघ घोराही उपमहानगर कार्य समिति दाङबाट यही असार १ गतेदेखि ५ गतेसम्म विविध साँस्कृतिक कार्यक्रम गरी मनाइने भुमे पर्वका लागि आर्थिक सहयोग माग भई आएकोले नेपाल मगर संघलाई कार्यक्रममा भएको खर्चको विल अनुसार सहयोग स्वरुप अधिकतम रकम रु.१०,०००।—सम्म घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।